## गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**रानीमत्ता, दैलेख**
कर्णाली प्रदेश , नेपाल

## गुराँस गाउँपालिका जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७६

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७६।१०।०५ गते

प्रमाणिकरण मिति : २०७६।१०।०७ गते

प्रमाणित गर्नेको दस्तखत :

# गुराँस गाउँपालिका जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका २०७६

**१.परिचय :**

जेष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, सम्मान, आदर तथा सदभाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क्र.सं.- १६ बमोजिमको कार्य गर्न जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका २०७६ जारी गरिएको छ।

**२.परिचय पत्र वितरणका आधार :**

नेपालको संविधान धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक तथा जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकहरुलाई परिचय पत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय-पत्र वितरणका आधार हुनेछन् ।

**३.उदेश्य :**

क) जेष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तह देखि जेष्ठ नागरिकहरुको लगत राख्ने

ख) नेपालको संविधान अनुसार प्रदत्त जेष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

**४.लक्षित वर्ग :**

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५.जेष्ठ नागरिकको वर्गीकरण :**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहाय वमोजिम गरिएको छ :

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको जेष्ठ नागरिक

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ जेष्ठ नागरिक

(ग) असहाय जेष्ठ नागरिक

(घ) अशक्त जेष्ठ नागरिक

(ङ) एकल जेष्ठ नागरिक

**६.परिचय-पत्र वितरणका मापदण्ड :**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली जेष्ठ नागरिकलाई मात्र नागरिक परिचय-पत्र प्रदान गर्न सकिने छ।

**७. जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा :**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई आधार मानी जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा यस निर्देशिकाको **अनुसूची १** बमोजिमको हुनेछ । जेष्ठ नागरिक परिचय-पत्रको आकार(Size) नेपाली नागरिकताको प्रमाण-पत्रको आकार बराबरको हुनेछ । साथै निर्देशिकाको **अनुसूची-२** बमोजिमको अभिलेख राख्नु पर्नेछ।

**८. परिचय-पत्र वितरण प्रक्रियाः**

(क) जेष्ठ नागरिक परिचय-पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेका जेष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहका प्रमुख समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र दुईप्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको-प्रमाण पत्र लाई आधार मानिने छ।

ग) जेष्ठ नागरिक परिचय-पत्र प्रदान गर्ने अधिकारी स्थानीय तहको कार्यकारी प्रमुख वा निजले तोकेको पदाधिकारी हुनेछ ।

घ) परिचय-पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफटवेयरमा कम्प्युटराइज गरी गा.पा.को कार्यालयमा राखी वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) जेष्ठ नागरिक परिचय-पत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिश वा वडाको सिफारिश सहित सम्बन्धित स्थानीय तहमा निवेदन पेस गर्नुपर्ने छ ।

**९. विविध :**

क) जेष्ठ नागरिक परिचय-पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(ख) जेष्ठ नागरिक परिचय-पत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक प्रचलित कानुनको अधीनमा रही प्रमुख प्रशासकिय अधिकृतले निर्णय गरे बमोजिम हुनेछ ।

## अनुसूची १

## जेष्ठ नागरिक परिचय-पत्रको ढाँचा

### जेष्ठ नागरिक परिचय-पत्र

| फोटो |
|---|

परिचय पत्र नं.:

नाम थरः ............................................

ना.प्र.न.ः ..........

ठेगानाः जिल्ला ........................गापा./न.पा.ः ...........................

वडा नं.ः ............ टोल/गाऊँः .........

उमेरः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरुः..................................

पति/पत्नीको नाम : ........................................................

हेरचाह केन्द्रमा बसेको भए सोको.........................................................विवरणः

संरक्षको नाम, थर, सम्पर्क ठेगाना, मोवाइल नं.ः

......................................................................................................................

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम

....................................................................................................................

प्रमाणित गर्ने अधिकृतकोः-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

*अनुसुची-२*

## जेष्ठ नागरिकको व्यक्तिगत अभिलेख

१. जेष्ठ नागरिकको व्यक्तिगत विवरण
(क) जेष्ठ नागरिकको नाम,थर :
(ख) बाबु तथा आमाको नाम:
(ग) बाजे तथा बजैको नाम:
(घ) जन्म मिति र स्थान :
(ङ) ठेगाना:
(अ) स्थायी ठेगाना : जिल्ला ......... गा.पा.... ......वडा नं....टोल/गाउँ.........फोन............. इमेल:................
(आ) अस्थायी ठेगाना: ....................
(च) लिङ्ग :
(छ) स्वास्थ्य सम्बन्धी विवरण (कुनै विशेष रोग, शारीरिक अपांगता वा कुनै दीर्घ रोग भए खुलाउने:
(ज) नागरिकता :
२. जेष्ठ नागरिकको पारिवारीक सम्बन्धी विवरण :
(क) सगोलको छोरा, बुहारी, छोरी, नाति, नातिनीको,-
(अ) नाम, थर र ठेगाना :
(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरण :
(ख) छुट्टिई भिन्न बसेको छोरा, बुहारी, छोरी, नाति, नातिनीको,-
(अ) नाम,थर र ठेगाना :
(आ) सम्पत्ति तथा आयस्ता सम्बन्धी विवरण :
(ग) हकवाला सम्बन्धी विवरण:

| क्र.सं. | नाम, थर | उमेर | नाता | व्यवसाय | ठेगाना |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

(घ) अन्य पारिवारिक पृष्ठभूमि :
३. जेष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता:
(क) शैक्षिक योग्यता :
(ख) पेशागत दक्षता :
(ग) अनुभवको क्षेत्र:
४ जेष्ठ नागरिकको सम्पत्ति विवरण :
(क) चल सम्पत्ति:
(ख) अचल सम्पत्ति:

प्रमाणित गर्नेको
नाम,थर :
पद :
कार्यालय :